पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : १ २०६७ साउन ७ गते शुक्रबार (July 23, 2010) मूल्य रू. ५/-

## आजीवन सुरक्षा सुविधा

काठमाडौं / गृहमन्त्री भीम रावलले माधव नेपालले राजीनामा दिनुभन्दा केही अगाडीमात्र मन्त्रिपरिषद्को बैठकबाट विशिष्ठ व्यक्ति सुरक्षा व्यवस्थापन निर्देशिका २०६७ पारित गराएका छन्। उक्त निर्देशिकाअनुसार राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले समेत आजीवन सुरक्षा पाउने भएका छन्। अहिले आफूलाई विशिष्ठ बताउने व्यक्तिहरूले गैरकानूनी रुपमा यस्तो सुविधा लिदै आएका थिए। अब निर्देशिका जारी भएपछि यसले वैधानिकता पाउने भएको छ। रावलले पारित गराएको निर्देशिकाअनुसार पूर्व उपप्रधानमन्त्रीले भन्दा पूर्व गृहमन्त्रीले बढी सुविधान पाउने व्यवस्था गरिएको छ। दुई जना उपप्रधानमन्त्री भएको बेलमा गृहमन्त्रीले यस्तो निर्णय गराउन सफल हुनुले गृहमन्त्री रावलको चतुऱ्याइँलाई गृह मन्त्रालयकै कर्मचारीहरूले पनि अनौठो मानेका छन्। (बाँकी अन्तिम पेजमा)

# प्रधानमन्त्रीमा भ्यागुताको धार्नी नपुग्ने

काठमाडौं / प्रधानमन्त्री माधवकुमार नेपालले राष्ट्रिय



सहमतिको सरकार र शान्ति प्रक्रियालाई सही निष्कर्षमा पुऱ्याउनको लागि भन्दै संसदमा बहुमत हुँदाहुँदै असार १६ गते राजीनामा दिएपछि मुलुक अहिले सरकारविहीन अवस्थामा पुगेको छ। माधवकुमार नेपालले राजीनामा दिएको दुई घण्टाभित्रमा सबै समस्याको समाधान हुन्छ भन्ने एकीकृत नेकपा माओवादीका नेताहरूको बोली अहिले झूठ सावित भएको छ। माधवकुमार नेपाललाई राजीनामा गराउनेको लागि मात्र उनीरुले झूठको खेती गरेका रहेछन् भन्ने विस्तारै प्रमाणित भएको छ। नेकपा एमालेका वरिष्ठ नेता



माधवकुमार नेपालको सरकारलाई कठपुतली सरकार, रिमोटबाट सञ्चालन हुने सरकार भन्दै संसददेखि सडकसम्म आन्दोलन गरेको माओवादी नेतृत्वले फेरि त्यसै पार्टीका अध्यक्ष झलनाथ खनाललाई प्रधानमन्त्रीमा समर्थन गर्नु माओवादी नेतृत्वको गैरराजनैतिक चरित्रमात्र हो। व्यक्ति असफल नभएर पार्टी नै असफल भएको अवस्थामा के कारणले गर्दा माओवादी नेतृत्वले खनाललाई समर्थन गर्नुपऱ्यो, त्यो आफैंमा रहस्यमय बनेको छ। एकीकृत नेकपा माओवादीले अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्रीको उम्मेदवार बनाउँदा कसैको समर्थनमा उम्मेदवारी फिर्ता लिन नपाइने शर्त राखे पनि पार्टीको निर्णय विरुद्ध केही व्यक्तिहरू बसेर खनाललाई सहमतीय सरकार निर्माण गर्न सहयोग गर्ने भन्ने निर्णय गर्नु पार्टीगत निर्णय नभएर नेकपा एमालेभित्र भाँडभैलो मच्चाउने निर्णयमात्र थियो, जसको फलस्वरुप झलनाथ खनाल आफ्नो उम्मेदवारी (बाँकी अन्तिम पेजमा)

## दलहरु राजनैनितक ध्रुविकरण तर्फ



काठमाडौं / माधवकुमार नेपालले राजीनामा दिएपछि राजनैतिक दलहरूमा नराम्रो प्वाल परेको आभास पाउन थालिएको छ। मुलुकका तीन ठूला दलहरू भित्र आपसमै संस्थापन पक्ष र विरोधी पक्ष रहेका छन्। खास गरेर एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेभित्र अहिले डरलाग्दो रुपमा विभाजनका संकेतहरू देखिन थालेका छन्। नेपाली कांग्रेसभित्र कसलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने विषयमा विवाद उत्पन्न भएपनि वरिष्ठ नेता शेरबहादुर देउवाको सुझबुझका कारण नेपाली कांग्रेसभित्रको विवाद केही मत्थर देखिए पनि अन्य दल एकीकृत (बाँकी तीन पेजमा)

## पहुँचवालाहरूबाट राज्यकोषमा ब्रम्हलुट

अभियान संवाददाता

काठमाडौं / मुलुकका दुर्गम क्षेत्रमा बसोबास गर्ने हजारौं हजार नेपाली जनता सिटामोल खान नपाएर ज्यान गुमाउन बाध्य भएका बेला सत्ताधारी दल र अन्य प्रभावशाली व्यक्तिहरू भने राज्यकोषबाट हजारौं हजार रुपैयाँ लिन सफल भएकाछन्। सरकारले उपचारका नाममा २०६६/६७ मा दुई करोड ७७ लाख रुपैयाँ त्यस्ता व्यक्तिहरूलाई बाँडेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा यो रकम दोब्बर भन्दाबढी भएपनि गम्भीर रोग लागेर उपचार गर्न असमर्थ भएका सर्वसाधारणहरूले भने सकरारबाट एक रुपैयाँसम्म पाएका छैनन्। उपचार खर्च पाउनेहरूमा प्रधानमन्त्री तथा मन्त्री निकटका व्यक्तिहरू, नातेदार र राजनैतिक पहुँच भएका व्यक्तिहरू रहेका छन्। गत आर्थिक वर्षमा दुई सय ६१ जनाले स्वास्थ्य मन्त्रालयबाट सीधै उपचार खर्च लिएका थिए, उपचार खर्च भनेर त्यसबेला ५० हजारदेखि एकलाखसम्म बाँडिएको थियो।

अहिले गम्भीर रोग लागेर उपचार गर्न नपाएका व्यक्तिहरूले दिएका झण्डै ५ हजार निवेदन मन्त्रिपरिषद्मा थन्किएका छन्। राजनैतिक पहुँच भएका व्यक्तिहरूको निवेदनमात्र छानेर मन्त्रिपरिषद्बाट निर्णय



गरी सीधै रकम दिने गरिएको मन्त्रिपरिषद् सूत्रको दावी रहेको छ। वहालवाल मन्त्री (बाँकी अन्तिम पेजमा)

## को हुन् अमरेशकुमार सिंह

अभियान संवाददाता

काठमाडौं / करिब चारवर्ष अगाडीसम्म कुनै नाम नसुनिएका तर नेपाली हुँ भने नेपाली कांग्रेससँग आवद्ध भएका पूर्व सांसद् अमरेशकुमार सिंह अहिले भारतमै बसेर नेपालका राजनैतिक दल र तीनका नेताहरूको अपमान गर्ने कार्यमा उद्धत रहेपछि अहिले सिङ्गो मुलुक अमरेशकुमार सिंहको हुन ? भनि त्यसको उत्तर खोजिरहेको छ। २०६२/०६३ को आन्दोलन सफल पार्न निज सिंहले भारतीय नेताहरूको सहयोग नेपाली नेताहरूलाई दिलाएका थिए रे ! त्यसैको फलस्वरुप स्व.गिरिजाप्रसाद कोइरालाले निज सिंहलाई अन्तरिम संसदमा सांसद् बनाएका थिए। बेलाबेलामा चर्चामा आइरहेका तर नेपाली जनताले खासै नचिनेका सिंह सर्लाही जिल्लाका बासिन्दा भएपनि हाल उनी भारतमै बसेर नेपालको राजनीतिमा हस्तक्षेप गर्न खोजिरहेको प्रमाण हालै प्रधानमन्त्री नियुक्तीका लागि दलहरूले आ-आफ्नो प्रयास गरिरहेका बेला उनले एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा.बाबुराम भट्टराईलाई उम्मेदवार बनाएको खण्डमा नेपाली कांग्रेसले डा.भट्टराईलाई सहयोग गर्ने वातावरण आफूले मिलाई दिने (बाँकी अन्तिम पेजमा)

## हिस्स बुढी खिस्स दाँत : निगम



काठमाडौं / नेपाल आयल निगमले आफ्ना कर्मचारीहरूलाई १७ महिनाको तलब बराबर बोनस बाड्ने निर्णय गरेपछि घाटामा गएको संस्थाले बोनस बाड्नु अनुचित भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोनस बाँड्न रोक्न लगाउँदै २४ घण्टा भित्रमा सबै फाइलहरू आयोगमा पेश गर्न निगमलाई निर्देशन दिएको छ। अनुसन्धानको निष्कर्ष नआउन्जेल बोनस वितरण नगर्न समेत आयोगले निर्देशन जारी गरे पछि निगमका भ्रष्टहरूमा छटपटि शुरु भएको छ।

लगातार घाटामा गएको निगमले गत वर्षको नाफाबाट कर्मचारीहरूको लागि १९ करोड ८८ लाख ४६ हजार बोनस र (बाँकी अन्तिम पेजमा)

## भ्रष्टाचार गर्न दस्तुरमा बृद्धि

काठमाडौं / राजनैतिक दलहरूको अखडा भएको काठमाडौं महानगरपालिकाले नगरवासीहरूलाई कुनै सुविधा दिन नसकिरहेको अवस्थामा नगरवासीहरूको ढाड भाच्ने उद्देश्यले कर बढाएको छ। महानगरले यसै वर्षदेखि लागूहुने गरी ७० भन्दा बढी सेवाहरूको दस्तुरमा कर बढाएको हो। चालु आर्थिक वर्षलाई कर सहभागिता घोषणा गर्दै महानगरले घरजग्गा कर, नक्सा पास सिफारिस, बाटो प्रमाणीत शुल्कलगायतका सेवाहरूमा दोब्बर कर बढाएको छ। यस वर्षदेखि घर नक्सा पासमा दोब्बर बृद्धि गरिएको छ। महानगरकाअनुसार २०५७ सालपछि (बाँकी पाँच पेजमा)

# अब त्यतैतिर लागौं

शाश्वत शर्मा

आफ्नो कुत्सित स्वार्थ पूर्तिका लागि हिजो (०६२/०६३) शाह वंशीय राजतन्त्रलाई विस्थापित गराउन दक्षिणका 'प्रभु' ले मिलाई दिएको गठबन्धन अब छताछुल्ल भएको छ। स्वार्थान्ध भएकाहरू यसरी आ-आफ्नै डम्फु बजाउँदैछन् कि, संविधान निर्माण प्रमुख विषय नभई मानौं करिब एक वर्षको लागि हुने सत्तारोहण नै सबैथोक हो। अहिले सत्ताका लागि हानाथाप छ। आज पुन: गरिने 'मतदान' (प्रधानमन्त्रीका लागि) 'जीवन-मरण'को प्रश्न बनेको छ- यी सत्तापिपासुहरूका लागि। आफैले आफ्नो 'आयु' थपेर (संविधानसभाको) अहिले 'नङ्गा' नाच देखाइरहेका छन्। बुझिएन त ! देखिएन त !! लोकतन्त्र भनाउँदो 'भाँडतन्त्र' को तमाशा !? यहाँ देश र जनताको मतलब कसलाई छ? १३ वर्षे 'जनयुद्ध' गर्नेदेखि लिएर जनताको अधिकार (?) पुर्नस्थापना गर्नका लागि 'सडक संघर्ष' गर्नेहरूको 'भित्री मनशाय' के रहेछ ? त्यो अब पनि प्रष्ट भएन त ? ...देशको स्वाधिनता भारतीय विस्तारवादलाई बुझाउने अनि आफ्नो सत्ता मार्ग प्रशस्त गर्ने !? आफैंले (भारतीय विस्तावादको सहयोग लिएर) स्थापना गरेको गणतन्त्रलाई पनि थाँती लगाएर कुर्सीको खेलमा व्यस्त हुने यी नालायकहरू धिक्कार योग्य छन् कि छैनन् त ? अब कसैलाई विश्वास छ ? यिनले आफैले भनेजस्तो संविधान पनि बनाउन सक्छन्- भनेर ? यही हो लोकतन्त्र भनेपनि गणतन्त्र भनेपनि, जे भनेपनि...को मुख्य उद्देश्य ? अहिले दलालहरूको हालीमुहाली छ। देश र जनता अभिभावकविहीन को अवस्थामा छन्। आज रामचन्द्र वा



प्रचण्ड जो नै पनि प्रधानमन्त्री बनुन् ....तर यी कसैले पनि निकास निकाल्न सक्ने देखिदैन। समस्याहरू ज्यूँका त्यूँ रहन्छन्, अझ बढ्दै जान्छन्। यही हो– 'बनाइएका'हरूको नियत !! अब हेरौं त, ती माधवले राजीनामा (असार १५मा) गरेको महिना नाघ्न लाग्दा पनि मुलुकले अर्को प्रधानमन्त्रीसमेत पाउन नसकेको ? (बाँकी पाँच पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# हामी २८ औं वर्षमा प्रवेश

नेपाली पत्रकारिता जगतमा केही सहयोग पुऱ्याउने प्रमुख उद्देश्य राखेर यस साप्ताहिक पत्रिकाको पहिलो अंक २०४० साल श्रावणमा प्रकाशित भएको थियो । यस साप्ताहिक पत्रिकाको नाम रन्को साप्ताहिक राखीएकोमा विविध कारणले गर्दा रन्को साप्ताहिकबाट २०४७ सालमा नाम परिवर्तन गरी अहिले अभियान साप्ताहिक नामबाट पत्रिका प्रकाशित भई रहेको ब्यहोरा जानकारी गराउन पाउँदा हामीलाई हर्ष लागेको छ । निश्चय पनि पत्रकारिता सजिलो विषय होइन । त्यसमा पनि स्वतन्त्र पत्रकारिता गर्नु हाम्रो परिवेशमा निकै कठिन कार्य मानिन्छ । पत्रकारिता गरेको र समाचार लेखेवापत नै हाम्रो धेरै मित्रहरुले ज्यान गुमाई सकेका छन् । राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसंगतीकै कारण पत्रकारहरु असुरक्षित भएका छन् । राजनैतिक दलहरुको स्वार्थ अनुकूलका समाचारहरु प्रकाशित नगरिएकै कारण प्रकाश ठकुरी, वीरेन्द्र शाह, उमा सिंहलगायतका अन्य धेरै पत्रकारहरुको हत्या भएको छ । पत्रकार नै सुरक्षीत नभएपछि सर्वसधारण नागरिकहरुको हालत कस्तो होला सहजै अनुमान गर्न सकिन्छ ।

मुलुकमा राजनैतिक परिवर्तन भएपछि मुलुकवासीले निकै ठूलो आशा र भरोसा गरेको थिए । पत्रकारिता क्षेत्रमा लाग्ने ब्यक्तिहरुले समेत अब पत्रकारिता क्षेत्रमा सुधार आउने आशा गरेको भएपनि सम्पूर्ण नेपाली जनताको आशा र विश्वास माथि राजनैतिक दलहरुले बज्र प्रहार गरे, त्यसै अनुरूप पत्रकारिता क्षेत्रमासमेत बज्र प्रहार भयो । राजनैतिक क्षेत्रका पछाडि दौडने पत्रकारबाहेक स्वतन्त्र पत्रकारिता गर्ने ब्यक्तिहरुलाई राज्यले वेवास्ता गऱ्यो, अर्थात उनीहरुलाई राज्यले सौतेनी ब्यवहार गरेर उनीहरुलाई सेवा र सुविधाबाट बञ्चित गरायो । तर त्यही हुँदाहुँदै पनि पत्रकारितामा लगेका ब्यक्तिहरुले हिम्मत हारेनन् र आफ्नो पत्रकारितालाई नै आदर्श मान्दै अगाडि बढेका छन् । यसैक्रममा यस अभियान साप्ताहिकले समेत अनेक प्रकारकार दुःख कष्ट सहनु परेको छ । राज्यबाट प्रदान गरिने विज्ञापन लगायतका अन्य सुविधाहरु विभिन्न बहाना गरेर बञ्चित गर्ने गरिएको भए पनि आदरणीय पाठक शुभचिन्तकहरुको मायाले गर्दा हामी २७ वर्ष पुरा गरि २८ औं वर्षमा प्रवेश गर्न सफल भएका छौं । यस साप्ताहिक पत्रिकालाई यहाँसम्म पुऱ्याउन सहयोग र सद्भाव राख्ने सम्पूर्ण आदरणीय पाठक विज्ञापन दाता, शुभचिन्तकहरुलाई हामी धन्यवाद दिन चहान्छौं ।

आदरणीय पाठक वृन्द नेपालमा पत्रकारिता गर्नु जोखिमपूर्ण कार्य हो । थोरै समयमा धेरै पत्रकार मित्रहरुको हत्या भएको छ । केहीलाई वेपत्ता पारिएको छ, यस्तो अवस्था विधमान रहँदा पनि सरकार भने पत्रकारहरुको सुरक्षा गर्न असफल सावित भएको छ । सरकारको बोली र ब्यवहारमा भिन्नता पाइएको छ । राजनैतिक दलका कार्यकर्ता मारिएमा तत्कालै उनीहरुलाई राहत प्रदान गरिने भएपनि पत्रकारहरुलाई त्यस्तो राहत प्रदान गरिएको छैन । पार्टीगत स्वार्थका लागि राजनैतिक दलका कार्यकर्ताहरु बाटै पत्रकारहरुको हत्या, कुटपिट हुनु र अपहरण गरिनु निश्चय पनि राजनैतिक दलका लागि आउँदो विषय होइन । राजनैतिक दलको पिछलग्गु नभएको खण्डमा स्वतन्त्र रूपमा रहेर पत्रकारिता गर्नु निश्चय पनि यहाँ पहाड फुटाउनु सरह भएको हामीले महसूस गरेका छौं । राज्यको चौथो अङ्ग मानिने पत्रकारिता जगतको त सुरक्षा दिन सरकार असफल छ भने त्यस्तो सरकारले आफ्ना जनताको कसरी सुरक्षा प्रदान गर्न सक्छ ? यो आफैंमा उब्जीएको प्रमुख समस्या हो भने हामीले ठानेका छौं ।

अन्तयमा आजका मितिसम्म यस साप्ताहिक पत्रिकालाई यहाँसम्म ल्याउन सहयोग गर्ने सम्पूर्ण आदरणीय जनसमुदायलाई हार्दिक धन्यवाद दिंदै हाम्रा विज्ञापनदाता, शुभचिन्तक, पाठक, विक्रेतालगायत सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा हामी विनम्र अनुरोध गर्न चहान्छौं, अवका दिनमा समेत यस साप्ताहिक पत्रिकाले स्वतन्त्र पत्रकारीताको भूमिका निर्वाह गर्ने कार्यलाई अगाडि बढाउने छ, पीत पत्रकारितालाई कहिल्यै बढवा दिने छैन भने कुरामा तपाईहरुलाई विश्वास पार्दै आउँदा दिनसम्ममा समेत तपाईरूको सक्रिय सहयोग र समर्थन रहने आशा गर्दै हामी २८ औं वर्षमा प्रवेश गरेको छौं । अन्तयमा हामी सबैलाई धन्यवाद दिन चहान्छौं ।

# माओवादीको सत्ता लिप्साको अर्को नमुना

– देवेन्द्र चुडाल –

लामो छलफल र बहसपछि संविधानसभाको चुनाव भएपछि चुनावमार्फत संविधानसभामा उपस्थित भएका पच्चीस दलहरूमध्येका तीन ठूला दलहरूको अकर्मण्यता र असफलताका कारण मुलुक अहिले अनिर्णयको बन्दी बनाइएको छ। संविधानसभाको चुनाव संविधान निर्माण गर्नका लागि गराइएको भए पनि तीन ठूला दलहरूले संविधान निर्माणलाई भन्दा सत्ता निर्माणलाई पहिलो प्राथमिकतामा राखेर सत्ताको पेरिफेरिमै रमाउन थालेका हुनाले तोकिएको समय अर्थात् २०६७ साल जेठ १४ गतेभित्रमा संविधान निर्माण गर्न सकेनन् । संविधानसभाको निर्वाचनका बेला जनतालाई दिएका आश्वासनहरू पूरा गर्न राजनैतिक दलहरू असफल भएपछि जनतामा एक प्रकारको नैराश्यता छाएको छ। आफ्नो असफलता र नालायकीपनलाई लुकाउनकै लागि तीन ठूला दलहरू २०६७ साल जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधि लम्ब्याउन सहमत भएकै दिनदेखि नेपाली जनता सार्वभौमसत्ता सम्पन्न नभएको प्रमाणित भएको छ। जनताले दुई वर्षको म्यान्डेट दिएर संविधान निर्माणका लागि संविधानसभामा पठाएका दलहरूले तिनै सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताको अधिकार खोसेर आफै सार्वभौमसत्तासम्पन्न भएको ठहर गर्दै आफैंले आफ्नो पदावधि लम्ब्याउनु भनेको नेपाली जनताको ठाडो अपमान र बेइज्जतीसमेत हो ।

संविधानसभामा उपस्थित भएका पच्चीसै दलको सहमति र समर्थनमा राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नुपर्नेमा तीन ठूला दलहरूले मात्र सहमति गरेर संविधानसभाको पदावधि एक वर्ष लम्ब्याए। अब तिनै तीन दलहरू मिलेर फेरि तीन दलको मात्र सहमतिमा सरकार निर्माण गरेका छन्। तीन दलको सहमतिमा निर्माण भएको सरकारलाई कुनै हालतमा पनि राष्ट्रिय सहमतिको सरकार स्वीकार गर्न सकिँदैन। माधवकुमार नेपाल नेतृत्वको सरकारमा बाइस दलको समर्थन थियो तर त्यो सरकारलाई प्रमुख प्रतिपक्षी दल नेकपा माओवादीले कहिल्यै समर्थन गरेन उल्टो कठपुतली सरकार र रिमोटबाट सञ्चालित भएको सरकार भन्दै संसद्देखि सडकसम्मको आन्दोलन घोषणा गरेर अन्त्यमा संविधान निर्माणको कार्यलाई च्याँखे थापेर माधवकुमार नेपाल नेतृत्वको सरकारको राजीनामा दिलाउन सफल भएपनि राजीनामा अगाडि एकीकृत नेकपा माओवादी आफैंले बोलेका कुराहरू कुनै पूरा गर्न ऊ अग्रसर भएन। माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएको दुई घण्टाभित्रमा सबै समस्याहरूको समाधान हुन्छ भन्ने माओवादी नेताहरूको भनाई मुलुकलाई अस्थिरतातर्फ धकेल्नमात्र सार्थक रह्यो। माधवकुमार नेपालले असार १६ गते राजीनामा दिएपछि लामो समयसम्म सरकार बन्न नसक्नुको पछाडि माओवादी नै दोषी भएको छ । कहिले नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल त कहिले कांग्रेससँग गठजोड गर्न पुगेको माओवादी आफ्नै पार्टीभित्र उठेका विवादहरू मिलाउन असफल भएको छ। एकीकृत नेकपा माओवादीलाई जसरी भए पनि सत्ता चाहिएको छ भने प्रमाणित पछिल्लो पटक उसैले गरेको निर्णयबाट भएको छ। पहिला पार्टी अध्यक्षबाहेक अन्य कुनै नेताहरूको नेतृत्वमा सरकार बनाउन सकिँदैन भन्ने माओवादीले पल्लो पटक पार्टीभित्रकै अन्य नेताहरू र पार्टीबाहिरका अन्य नेताहरूको नेतृत्वमा समेत सरकार बनाउने विकल्प खुल्ला गरेपछि माओवादी कति सत्तालिप्सा रहेछ भन्ने प्रमाणित भएको छ।

नौ महिनासम्म सत्ताको बागडोर हातमा लिएका माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्व अहिले असफल सावित भएको छ। पार्टी सञ्चालनमै असफल भएका व्यक्तिको नेतृत्वमा फेरि सरकारको नेतृत्व आउनुपर्दछ भन्नु मुलुकलाई गृहयुद्धको भूमरीमा धकेल्नुबाहेक अन्य केही हुन सक्दैन। माओवादी नेतृत्व अहिले पनि अन्य दलहरूलाई माथ खुवाएर भए पनि आफ्ना पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन गर्न चाहिरहेको छैन। संविधान निर्माण भएर लागू भएपछि सम्पन्न गरिने चुनावसम्म माओवादी आफ्ना पूर्व लडाकूहरूलाई राज्यकोषबाटै तलब भत्ता खुवाएर राख्न चाहिरहेको छ। आफ्ना पूर्व लडाकूहरूलाई देखाएर अर्को पटकको चुनावमा ऊ बहुमत ल्याउन चाहन्छ। त्यही कारण उसले आफ्ना पूर्वलडाकूहरूको समायोजन र व्यवस्थापन गर्ने कार्यलाई अनेक बहाना बनाउँदै ढिलो गर्न चाहेको उसैको व्यवहारबाट प्रष्ट भएको छ। माओवादी नेतृत्वमा अहिले सरकार बन्न नसकेको अवस्था भनेको माओवादीका पूर्वलडाकूहरूको व्यवस्थापन र समायोजन हुन नसक्नु, वाईसिएलको अर्धसैनिक संरचना भङ्ग नहुनु र माओवादीद्वारा कब्जामा लिएको सम्पत्ति घर, जग्गा फिर्ता नहुनु नै प्रमुख जड हुन्। एउटा राजनैतिक पार्टीसँग जबसम्म निजी सेना रहिरहन्छन्, तबसम्म त्यस्तो राजनैतिक पार्टीलाई नागरिक पार्टी स्वीकार गर्न सकिने अवस्था नेपालमा मात्र नभएर विश्वमै छैन। जनताका लागि खोलिएका राजनैतिक पार्टीहरूले तिनै जनताको सम्पत्ति कब्जामा लिएको इतिहास विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा नभएको हुनाले अविलम्ब नेकपा माओवादीले माथि उल्लेख गरिएका तीन शर्तहरू पूरा गर्न साहस देखाएर ऊ पूर्णरुपमा नागरिक पार्टीमा परिणत हुनु नै स्वयम् माओवादीको हितमा हुनेछ।

संविधान निर्माणको लागि पछिल्लो पटक एक वर्षको पदावधि थपिए पनि संविधानसभाले पूर्णरुपमा आफ्नो कार्यअगाडि बढाउन सकेको छैन। नयाँ कार्यतालिका पारित गर्दैमा संविधान निर्माण हुन सक्दैन, संविधान निर्माण गरेर लागू गर्दैमा त्यसले पूर्णता पाउन सक्दैन। संविधान संविधानको लागि नभएर जनताका समस्याहरू समाधान गर्ने खालको नभएमा त्यसले समस्या निराकरण गर्नुको सट्टा उल्टो समस्याहरू बल्झाउनेमात्र भएको हुनाले सहीरुपमा जनताका समस्याहरू समाधान गर्ने संविधान बन्नु जरुरी रहेको छ। संविधानसभाका अध्यक्षलगायत राजनैतिक दलका नेताहरूले संविधान निर्माणको कार्य ८० प्रतिशत समाप्त भइसकेको बताएता पनि साँचो अर्थमा भन्ने हो भने संविधान निर्माणको कार्य ८० प्रतिशत बाँकी रहेको छ। दुई वर्षभित्रमा संविधानसभाको बैठक जम्मा ९८ पटक बसेर ६ वटा राजनैतिक दस्तावेज पारित गरेको छ। संविधानसभा आफैंले जम्मा १८ वटा राजनैतिक प्रस्तावहरू बनाएकोमा दुई वर्षभित्रमा ६ वटा पारित गरे पनि उक्त प्रस्तावहरू अहिले पनि विवादित रहेका छन्। ११ वटा प्रस्ताव अहिलेसम्म छलफल र बहसमै आएका छैनन्, एउटा प्रस्ताव छलफल र बहसका लागि कति समय चाहिन्छ भन्ने कहिँकतै उल्लेख नगरिएको अवस्थामा एउटा सभाषद्ले समेत विरोध जनाएको खण्डमा त्यो पारित भएर संवैधानिक समितिमा जानसक्ने अवस्था छैन। संविधानसभामा रहेका ११ वटा समितिहरूमध्येका ५ वटा समितिले मात्र आफ्ना प्रारम्भिक प्रतिवेदनहरू संविधासनभामा पठाएका छन्, अन्य ६ वटा समितिमा दलहरूबीच एकरुपता आउन नसकेका कारण प्रतिवेदन नै तयार हुन नसकेको अवस्थामा एकवर्षभित्रमा संविधान निर्माण गरिसक्ने कुरा अहिलेका लागि जनतालाई उल्लु बनाउने खेल सिवाय अन्य केही हुन सक्दैन।

बारम्बार जनतालाई ढाँटेर तिनै गरिब जनताले तिरेको करबाट तलबभत्ता लगायतका अन्य सुविधा खाने सभाषद्हरूलाई के लाज लाग्नुपर्ने होइन र ? अब संविधानसभाले गर्न बाँकी रहेका कार्यहरू यी हुन्- संवैधानिक समितिले सभाले दिएको सुझाव विषयगत समितिबाट पेश भएका मस्यौदालाई एकीकृत गरी नयाँ संविधानको पहिलो मस्यौदा तयार गर्ने। संवैधानिक समितिले तयारगरेको संविधानको पहिलो मस्यौदा पूर्ण बैठकमा पेश गर्ने र छलफल गर्ने। संविधानको पहिलो मस्यौदालाई अन्तिम रुप दिई जनताको राय-सल्लाह र प्रतिवेदनका लागि राजपत्रमा प्रकाशित गर्ने, जनमत संकलन र समन्वय समितिले संविधानको पहिलो मस्यौदामाथि जनताको रायसुझाव लिने र कार्ययोजना तयार गर्ने। संविधानको पहिलो मस्यौदामाथि व्यापक सुनुवाई, गोष्ठी, अन्तरसम्वाद गराउने र जुनसुकै माध्यमबाट आएका सुझावहरू ग्रहण गर्ने। जनताको रायसुझावसम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी सभामा पेश गर्ने। संविधानको पहिलो मस्यौदा जनताको रायबमोजिम परिमार्जन गरी संविधानको विधेयक समितिमा पेश गर्ने। अन्तरिम संविधान र संविधानसभा नियमावलीबमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल गर्ने। विधेयकमाथि सदस्यहरूले संशोधन राख्ने समय दिने। संशोधनसहित विधेयकमाथि दफावार छलफल सभा गर्ने। प्रत्येक धारा र उपधारामा निर्णय गर्दै जाने। नयाँ संविधानको प्रस्तावनासहित सम्पूर्ण भाग सभाबाट पारित गर्नुपर्ने। त्यसरी पारित संविधानको प्रमाणीकरण प्रति तयार गरी प्रत्येक सभाषद्हरूले हस्ताक्षर गर्ने अनि अध्यक्षले प्रमाणित गर्ने। संविधानसभाले औपचारिक राष्ट्रिय समारोह आयोजना गरी अध्यक्षले पारित संविधान राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले त्यही समारोहबाट नेपाली जनतासमक्ष संविधान सार्वजनिक गरी संविधान लागू भएको घोषणा गर्ने कार्य बाँकी रहेको हुनाले अहिलेकै अवस्थामा संविधान फेरि पनि तोकिएको समयमा बन्नसक्ने अवस्था छैन।

# अनमिनको उदण्डता र रिजवानको शैली

- राजेश अहिराज

सकारात्मक सोच, राष्ट्रवादी चिन्तन र जनताको सुरक्षा प्रतिको संवेदनशीलताको परिणाम हो गृहराज्यमन्त्री रिजवान अन्सारीको राजीनामा...। बढ्दो हत्या, हिंसा, असुरक्षा र असफलताको मतियार बन्न मनले नै नमानेपछि किन पदमा बसिराख्ने ? सच्चा मुसलमान झैं आफ्ना जमिर र इमानलाई कुनामा नथन्काउनु नै उनलाई राजीनामा दिन बल पुऱ्यायो। जनताबीच सफल र सरकार माझ असफल भए। सारा नेपालीले असक्षम गृहमन्त्रीको राजीनामा मागिरहेका बेला प्रधानमन्त्रीले रिजवान अन्सारीको राजीनामा मागे। जनतालाई शान्ति देऊ, हत्या-हिंसा बन्द गरौं, सरुवा-बढुवा-नियुक्तिलाई पारदर्शि गरौं, कानूनी शासनको प्रत्याभूति जनतालाई दिऊ, कर्मचारीको मनोवल उच्च राखौं र अपराधी जो-कोहीलाई पनि दण्डित गरौं जस्ता भावनाको उच्चारण गर्नु नै रिजवानको कमजोरी थियो। आफ्ना मन्त्रालयका कमी कमजोरी जनतामा ल्याउनु, गृहमन्त्री भीम रावलका कमजोरीहरू बेलाबखतमा सार्वजनिक गर्ने गरेका रिजवानलाई आफ्नै पार्टीले सत्य बोले वापत दण्डित गरे।

"सच्चा मुसलमान कहिल्यै गलत कुराको अगाडि झुक्दैन" भन्ने कथन सावित गरे रिजवान अन्सारीले। उनलाई जनताले जिताएका थिए त्यसैले जनताको मर्म बुझे। राजीनामा दिएर आफ्नो इज्जत जोगाए। अपराधी र नालायक सरकारका कू-कर्महरूका मतियार बन्नबाट जोगिए। पद गुमाएर सर्वश्व पाए। उपत्यकामै मान्छे काटिनु, गोलि लागेर मर्नु, अपहरण हुनु, मन्त्रालयमै ठाडै पैसा लिएर कार्य सम्पादन हुनु, भागवंडा नमिलुन्जेल जस्तोसुकै महत्वपूर्ण काम रोकिनु र मिलेर जे पनि खानु यी वर्तमान सरकारका साझा नीति रहेको कुरा प्रष्ट नै छ। शान्ति प्रक्रिया गम्भीर अवस्थामा रहेको बेला सुरक्षा नीति सपार्नु पर्ने, राज्यका सुरक्षा निकाय शसस्त्र प्रहरी, जनपथ, प्रशासन र नेपाल गुप्तचर विभागलाई सक्रिय गर्नुको साटो जनताका पक्षमा आवाज उठाउने गृह राज्यमन्त्रीलाई नै निष्क्रिय बनाउनु आफैमा प्रजातन्त्रको उपहास हो।

नेपालस्थित संयुक्त राष्ट्र संघीय विशेष मिसन अन्मिनकी प्रमुख करिन ल्यानग्रेनले ठाडै असहयोग गर्दा पनि लाज पचाएर टाउकोमा अन्मिनलाई नेपाल सरकारले बोकी हिडेका छन्। अन्मिनको प्रधान कार्य शान्ति सुरक्षामा सहयोग र माओवादी लडाकूको तथ्याङ्क अपडेट गर्नु हो। माओवादी लडाकूहरूको संख्या र अवस्थाको जानकारी नेपाल सरकारले माग्दा समेत नदिएका अन्मिनको म्याद अब थपिनु हुन्न्। नेपालको सुरक्षा स्थिति विकराल बन्दै गएको छ। अन्मिनले समेत नेपाल सरकारलाई टेर्न छाडेको छ। माओवादीभित्र पनि आफ्नो लडाकूको संख्यामा मतभेद छ। मधेशी दलहरू सत्तामुखि मात्र भएका छन्। नेपालमा करिब २ सयको हाराहारीमा सशस्त्र समूहहरू सक्रिय छन्। कर्मचारीको मनोवल न्यून छ। सातदलको भागवण्डामा आर्थिक अनियमितता र कागजी विकास मात्र हुँदैछ। नेपालभरि सरकारको उपस्थिति छैन। शान्ति-सुरक्षा कहि-कतै छैन। अपराधीको इशारामा सरकार गतिशील हुन्छ। भ्रष्टाचारको आरोपमा मन्त्री बर्खास्त हुन्छ तर आरोपीलाई अपराधी सरह कारवाही हुन्न्। सञ्चार उद्यमीहरूको हत्या सामान्य झैं भएर गयो। प्रहरी उच्च अधिकारीहरू समेत आफूलाई असुरक्षित महसुस गर्दै आफ्नै विभागबाट सुरक्षा माग्दै हिडेका छन्। अपराधमा सुरक्षाकर्मी स-शरीर सहभागी हुन थाले। विदेशी जो कोहीले जे पनि भन्न थाले। हत्या नभएको दिन फेला पार्न सकिएन। नेताहरू मात्र-मात्र र मात्र पैसा कमाउन थाले। नेपालभरि अपराध र अपराध मात्रै भयो। लेखक र संचारकर्मीहरू पूर्ण जागिरे भए र आय-आर्जनका निमित्त अधिकांश कार्य गर्न थाले। कानून गरिब र निमुखाका निमित्त मात्र भयो। नेपालमा नेपालीत्व भएका नागरिक भेटिन छाडे। टोल-टोलमा प्रान्त र गाउँ पिच्छे राज्य निर्माण हुने भयो।

वास्तवमा नेपालको अस्तित्व रक्षा गर्ने हो भने अन्मिन जस्ता सबै विदेशी संस्थालाई स-प्रतिष्ठा फिर्ता पठाई दिनु पर्छ। नेपालमा दुई दलीय व्यवस्था लागू गरिनु पर्छ। अनुभव र विशेषज्ञताका आधारमा पद बाँडिनुपर्छ। जिम्मेवार व्यक्ति वा निकायले गरेको गल्तीको दोहोरो दण्डको व्यवस्था गरिनुपर्छ। नेपालमा संघीयता होइन उदारवाद र भाइचाराको नीति लागू हुनुपर्छ। नेपालको कर्मचारीतन्त्रलाई मेरुदण्ड झैं बलियो र दक्ष जनशक्तिले भरिपूर्ण बनाइनु पर्छ। नेपालभित्र राजतन्त्र, लोकतन्त्र, प्रजातन्त्र वा गणतन्त्र होइन अर्थतन्त्र सुदृढ गरिनुपर्छ। सञ्चार क्षेत्रलाई देश केन्द्रित, संयमित र दक्षतामा आधारित क्षेत्रको रुपमा परिणत गरिनुपर्छ। पत्रकार महासंघलाई अराजक भिड जम्मा गर्ने, पार्टी पत्रकारिता गर्ने वा पित पत्रकारहरूको थलोको रुपमा विकास हुनबाट रोक्नुपर्छ। यदि यस्तो भएन भने नेपालमा राष्ट्रपति शासन मार्फत सैनिक शासन लागू हुनबाट कसैले रोक्न सक्दैन र अन्तमा टोल पिच्छे प्रान्त र गाउँ पिच्छे राज्यको निर्माण हुन्छ। (मधेश दर्पण फिचर सेवा)

# खाममाथिको आरोप षड्यन्त्र : पुन



काठमाडौं / एकीकृत नेकपा माओवादीका केन्द्रीय सदस्य कालिबहादुर खामलाई गिरफ्तार गर्न नेपाल प्रहरीले प्रयास गरिरहेको अवस्थामा माओवादी जनमुक्ती सेनाका प्रमुख नन्दकिशोर पुनले खाम आफ्नै कार्यक्षेत्रमा रहेको बताएका छन्। पुनले खाम कसैको घरमा लुकेर नबसेको र खाम संलग्न भएको भनिएको घटना अनावश्यक रुपमा जनमुक्ती सेनासँग जोडेर सुरक्षा निकायले षड्यन्त्र गरेको आरोपसमेत लगाएका छन्। उनले भनेका छन्, खाम जनमुक्ती सेनाका सदस्य हुन्, उनले गरेको गल्ती प्रमाणीत नभएको अवस्थामा आफू र जनमुक्ती सेनामाथि आरोप लगाउनु दुःखद् भएको बताउँदै खाममाथि लगाइएको आरोपका बारेमा पार्टीको अनुशासन समितिले छानविन शुरु गरेको बताएका छन्।

स्मरणरहोस्, कालिबहादुर खाम कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्यामा संलग्न भएको भनि प्रहरीले तीव्र रुपमा खोजी कार्य अगाडि बढाएतापनि आजसम्म उनलाई पक्राउ गर्न सकेको छैन। हालै निज खाम चिनीयाँ व्यापारीमाथि लुटपाट गरेको र यार्सागुम्बा तस्करीमा संलग्न भएको भन्दै निजलाई पक्राउ गर्न प्रहरीले अपरेशन तिब्र बनाएको बेला जनमुक्ती सेनाका प्रमुख पुन खामलाई बचाउने खेलमा लाग्नुले कतै खामलाई अब कहिल्यै पनि कानूनको दायरामा नल्याउने प्रयास स्वयं माओवादीले त गरेको छैन भने प्रश्न उब्जिएको छ।

रामहरि श्रेष्ठको अपहरण र हत्या पछि खाम एकीकृत नेकपा माओवादीको केन्द्रीय सदस्य भएका थिए। खाम हाल रोल्पाको दहबन स्थित जनमुक्ती सेनाको पाँचौ डिभिजनका कमाण्डरसमेत हुन्। उनी अहिले काठमाडौंमै रहेको चीनियाँ व्यापारी लुटपाट काण्डमा संलग्न भएका व्यक्तिहरूले प्रहरीलाई बताएपछि प्रहरीले निजको खोजीकार्य व्यापक बनाएको छ। निज खामको कोठाबाट बरामद गरिएको रकम आफ्नो भएको स्वीकार खामले केही दिन पहिला गरेका र पक्राउ परेका व्यक्तिहरू आफ्ना कार्यकर्ता भएको स्वीकार गरेपछि त्यस्ता व्यक्तिलाई सुरक्षा निकायको जिम्मा लगाउनुको सट्टा कानूनलाई हातमा लिएर निजलाई बचाउने कार्यमा माओवादी लाग्नु भनेको कानूनी राज्यको खिल्ली उडाउँदै दण्डहिनतालाई प्राथमिकता दिनु नै हो भन्ने चर्चा चल्न थालेको छ। मुलुकमा कहिलेसम्म दण्डहिनताले प्रश्रय पाउँछ, यो एउटा जटिल प्रश्न हो, एक सुरक्षा विज्ञ भन्छन्। *दीपक थापा प्रशिक्षार्थी*

# आईटीएफको वार्षिकोत्सवमा विभिन्न कार्यक्रम

काठमाडौं, नेपाल अन्तराष्ट्रिय तेक्वान्दो महासंघ (एनआईटीएफ)ले आफ्नो १३ औं वार्षिकोत्सवको उपलक्ष्यमा विभिन्न कार्यक्रम गर्ने भएको छ। कार्यक्रम अन्तर्गत साउन १४ र १५ गते पाँचै विकास क्षेत्रका खेलाडीको ब्ल्याकबेल्ट पहिलो र दोश्रो डिग्रीको परिक्षा सञ्चालन गरिने छ। साउन १९ गते राष्ट्रिय खेलकुद परिषद् हातामा सरफाइ कार्यक्रम, २० गते रक्तदान कार्यक्रम र २१ गते गौशालास्थित बृद्धबुद्धाश्रममा रहेका बृद्धाबृद्धालाई भोजन गराउने कार्यक्रम रहेको छ। त्यस्तै साउन २२ गते आईटीएफका उत्कृष्ट पुरुष र महिला खेलाडी, उत्कृष्ट संघ तथा उत्कृष्ट प्रशिक्षकलाई सम्मान गरिनेछ। त्यसै दिन आईटीएफका विभिन्न सहयोग संस्था तथा व्यक्तिलाई सम्मान गर्ने आईटीएफका अध्यक्ष कृष्णबहादुर बलालले जनाएका छन्। *सरला के.सी. प्रशिक्षार्थी*

# आत्मदाहको बाटोमा मधेशवादी दल

- राजेश अहिराज

मधेशक्रान्तिको नाममा मधेशी-मधेशी बीच झगडा गराएर सत्ता र भत्ताका निमित्त घरको बाटो समेत बिर्सेका मधेशवादीहरू नेपालको राजनीतिमा ठूला दलका घरेलु नोकर झैं सक्रिय रहँदै आएका छन्। कोही माधव नेपालको पक्षमा र कोही माओवादीको पक्षमा तर आफ्नो (मधेश) को पक्षमा शायदै कोही छन्।

नेपालभित्र हुँदै आएको भेदभावको नारामा आम मधेशी माझ पहाडी समुदायप्रति घृणा, द्वेष र मतभेद फैलाएर आफूहरू तिनै खसको पाउँमा शरण परेर पद प्राप्त गर्ने कथित मधेशवादीहरू क्रमशः नाङ्गिदै छन्। नेपाली-नेपालीबीच साम्प्रदायिक मतभेद श्रृजना गरेर आफ्नो राजनीतिक स्वार्थ सिद्ध गर्दै आएका सत्तामुखी मधेशवादीहरू काठमाडौं केन्द्रित राजनीतिमा उग्र व्यस्त छन्।

आफनो मोर्चा बनाउन नसक्ने तर ठूला दलकै कोठाको भूईमा सुत्न गौरवान्वित अनुभव गर्ने मधेशवादीहरू मात्र सत्ता प्राप्तिको क्रिडामा व्यस्त छन्। चाहे सरकार माओवादीको नेतृत्वमा होस् वा एमाले, काग्रेसको त्यहाँ मधेशवादी भनाउँदा कुनै न कुनै समूह सरकारमा टाँसिएकै हुन्छ।

मधेशवादको आडमा सुख प्राप्त गर्ने, सत्ता-प्रभुसत्ता बीचको फरक छुट्याउन नसक्नेहरू र गैर मधेशीको नेतृत्वमा मधेशवादी पार्टी सञ्चालन गर्नेहरू अब मधेशबाट बहिष्कृत हुने प्राय निश्चित छ।

मधेशलाई द्वन्द्व, हत्या, बन्द, अपराध र अपमानको बाटोमा धकेल्ने मधेशवादीहरू नेपालका ठूला दलका चक्रव्यूहमा फँसिसकेका छन्। सत्ता प्राप्तिका निमित्त दलदलमा हाम फालेका मधेशवादी दलहरू आफनै अयोग्यताका कारण आत्मदाहको बाटो अवलम्बन गर्न थालेका छन्। गरिब नेपालीको कर बाट आफनो पेट पाल्दै आएका संविधानसभा सदस्यहरू पराजित हुने भयले जनतामा जान चाहेका छैनन्। विगत दुई वर्षमा गरेका कतुर्त र जनता ठगिका सूचि छताछुल्ल भए पछि अधिकांश सभासद्को राजनीतिक भविष्य अन्धकारमय हुन गइरहेको छ। लाखौ रुपैया घुस खुवाएर संभासद् भएकाहरूको त पुँजी नै डुब्ने खतरा छ। पार्टीको सिद्धान्त र राष्ट्रवादी चिन्तन भन्दा पनि सत्ता स्वार्थमा अल्झेर द्रव्य आर्जनका निमित्त सरुवा, बढुवा, नियुक्ति र सिफारिशमा अहोरात्र लागिपरेका अधिकाशं सभासदहरूले जनताका निमित्त काम नै नगरी दुई वर्ष बिताएका छन्। जनताको मत पाएर, जनताको कर खाएर दुई वर्ष मनोरञ्जन गर्दै बसेका राष्ट्रघाति सभासदहरूलाई आयोग गठन गरेर कानुनी कारवाही गरिनु पर्छ। संविधानसभाको अवधि भरीको आर्थिक, राजनीतिक र सामाजिक भष्ट्राचार माथि निष्पक्ष छानविन गरी कारबाही हुनुपर्छ। जनतामारा यी राजनीतिक दल र तीनका दलालरूको नविकरण कुनै पनि हालतमा गरिनुहुन्न। यदि म्याद थप हुन्छ भने राष्ट्रलाई आर्थिक भार नपर्ने गरि मात्र थपिनु पर्छ। थपिएको म्याद भित्र पनि संविधान निर्माण गर्न सकेन भने राजनीतिक अपराधिको संज्ञा दिएर सामाजिक बहिष्कार गरिनुपर्छ। यदि यी सभासदहरू इमान्दार छन्।

# मानिस हराएको सूचना



**काठमाडौं जिल्ला स्युचाटार गाविस वडा नं. ६ बस्ने वर्ष २१ को शिशिर भट्टराई मिति २०६७/०३/२१ गते बेलुकी ७:३० बजेदेखि हराइरहेको हुनाले देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय अथवा तलको फोन नं. मा सम्पर्क गरिदिनु हुनुहोला।**

**सम्पर्क फोन : ९८४९१५०६६६**

# Kashmir Martyrs' Day News & Views

Mohammad Jamil

This day reminds us of 23 Kashmiri martyrs who had laid down their lives fighting the Dogra rule to keep the torch of freedom alight. It was, indeed, due to this movement that British government had appointed Glancy Commission to investigate into the atrocities committed by the Maharaja. It was as a result of the above episode that Kashmiri leadership realized the need to build up an organization with a view to waging struggle for their freedom. In 1934, State's first elections were held, and the Muslim Conference won 21 out of 16 seats. After two years in 1936, it succeeded in getting 19 out of 21 seats. Congress was upset with these results, and tried to create division in the ranks of Kashmiri leadership. In 1937, a meeting was arranged between Jawahar Lal Nehru and Sheikh Abdullah and the latter agreed to convert Muslim Conference into National Conference. When Chaudhry Ghulam Abbas and his colleagues realized that Sheikh Abdullah was toeing Nehru's line, they revived the Muslim Conference. Anyhow, Kashmiris have passed through the longest ordeal, and faced repression, death and destruction even before the partition.

The British had played an ignominious role in bringing Kashmiris to the present pass, firstly as they had sold Kashmir to Gulab Singh, former governor of Maharaja Ranjeet Singh, for 7.5 million rupees. Once again at the time of partition when people of Kashmir had dreamt of freedom from oppression, India accepted Lord Mountbaten as the first Governor General of India to contrive an insidious plan of annexing Kashmir, which was implemented by Lord Mountbaten and Nehru when Raja Hari Singh was coerced into signing the controversial document on 26th July 1947, which was prepared by Lord Mountbatten. It was on the basis of this document that Indian forces entered the Valley, and endless dark night for Kashmiris started. On 19th July 1947, Muslim Conference held a convention and passed a resolution to merge Kashmir with Pakistan, which stated: "This convention of Muslim Conference has reached the conclusion that geographical conditions, 80 per cent Muslim population, important rivers of Punjab passing through the state, language, cultural, ethnic and economic relations and contiguity of the state with Pakistan make it imperative to merge with Pakistan".

In 1989, valiant Kashmiris started armed struggle and at least 90000 Kashmiris have laid down their lives, but they are determined to take their struggle to the logical conclusion. There is a perception that it is an article of faith with Congress leadership to weaken Pakistan, and has kept the Kashmir dispute unresolved so that Pakistan continues spending on defence. After the elections in 2004, the first policy statement issued by the Indian Foreign Minister Natwar Singh was reflective of its intentions when he referred to Simla Accord of 1972 as the basis for resolving the Kashmir dispute. He perhaps lost sight of the fact that the region and the world had undergone profound changes since 1998, and India and Pakistan are now atomic powers. However, 9/11 events have changed political landscape of the world and since then even genuine struggle for freedom is construed as terrorist act. India has taken full advantage of the situation and has tried to ruthlessly crush the Kashmiris' struggle. In June 2008, Kashmiri Muslims had protested against allotment of land to Delhi-based Amarnath Shrine Trust, which was violation of the law. Later, there was strike in Muslims' areas of Indian Held Kashmir against anti-Muslim riots, vandalism, looting of Muslim properties and economic blockade of the Valley.

In fact, Congress-led government had earlier allotted a piece of land near the shrine apparently to facilitate Hindu pilgrims that throng the shrine in hundreds of thousands, but Kashmiris were suspicious of the government's intentions, as efforts were being made to encourage migration of Hindus to the state with a view to diluting Kashmiri Muslims' 98 per cent majority in IHK. Over sixty Kashmiris had lost their lives in the brutal Indian state response, then. In June 2009, it was the rape of two Kashmiri women by the Indian security forces' personnel that had caused the wide scale anger to erupt and spill over the entire landscape of the Kashmir Valley. Two women, 17 Years' old Aasia Jan and her sister-in-law Nilofer Shakeel aged 22, had gone to work in their apple orchard in Shopian but failed to return. Their bodies were found floating in shallow waters of a stream on May 30. As the public grew and fingers of accusation were pointed against members of Indian security forces, the government was in the denial mode. The autopsy results and forensic investigations however confirmed that the two women had been murdered following rape and had not drowned. How many such incidents go unreported due to shame or cover-up is not known. According to data maintained by a media portal of United Kingdom nearly 500 women were raped in various parts of IHK between 1990 and 1994.

Kashmir is in the grip of a nearly 20-year insurgency that has left more than 47,000 people dead by official count in India but more than 90000 by independent reporters. It has to be said that International community's apathy to the sufferings, death and destruction in Kashmir is the reason that Kashmiris have to live in the long nightmare with no end in sight. According to Kashmir Media Service, the Amnesty International in a statement issued in London in July 2010 said that Indian authorities should avoid excessive use of force while dealing with demonstrators in occupied Kashmir.

It said that during the last month, a total of 11 persons, at least eight of them teenagers, were killed in shootings by the Indian paramilitary Central Reserve Police Force (CRPF) personnel stationed across the Kashmir valley, as protestors held demonstrations in Srinagar, Sopore and other towns, which were put under curfew. The AI demanded probe into all the killings and urged India to take steps to ensure protection of the right to life in the occupied territory under international law. It said that at least 35 people sustained injuries during the demonstrations so far. Harassment, humiliation, acts of cold-blooded murder, mass rapes, arson, and endless human rights violations perpetrated upon the hapless Kashmiri people by Indian security forces, including army, BSF, CRPF and police continue unabated. In April 2010, police spokesman in a statement had said that troops allegedly raped 51 women in Jammu and Kashmir in six years between November 2002 and July 2008, whereas 38 rape cases allegedly by troops were reported from November 2002 to October 2005. "From November 2005 to 10 July 2008, 13 rape cases allegedly by troops were reported."

The spokesman said that from 11 July 2008 to 4 January 2009 only one rape case allegedly by troops was reported. "During the period from 5 January 2009 to 23 February 2010 no rape case by troops was reported." The police spokesman said Chief Minister Omar Abdullah had mentioned in the Legislative Assembly that 11 cases of rape allegedly by troops were reported between October 1996 and October 2002, thus taking the number of raped by troops between October 1996 to July 2008 to 62. It should be remembered that these figures have been issued by Indian police; therefore one can imagine that the incidence of this heinous crime would be much more than what has been stated by the Police.


**ADMISSION OF FOREIGN STUDENTS IN PROFESSIONAL INSTITUTIONS OF PAKISTAN**

Embassy of the Islamic Republic of Pakistan invites applications from Nepalese nationals for admission in professional institutions of Pakistan under Pakistan Technical Assistance Programme (PTAP) and Self-Finance Scheme (SFS) for the forthcoming session 2010-2011. The available faculties with minimum qualification are as under:-

**PTAP/SELF-FINANCE**

a. Medicine/Dentistry: HSSC (English, Physics, Chemistry and Biology) or its equivalent qualification with at least 75% aggregate marks for admission in Punjab and 70% elsewhere.
: Additionally, selected candidates will be required to qualify **SAT and TOEFL/IELTS** at their own as a pre-condition for admission in some institutions.

b. B.Sc Engineering : HSSC (English, Physics, Chemistry & Mathematics) or its equivalent qualification with at least 60% aggregate marks.

c. D. Pharmacy : HSSC (English, Physics, Chemistry & Biology) or its equivalent qualification with at least 60% aggregate marks.

The maximum age limit set by Pakistan Medical & Dental Council for admission in MBBS/BDS is 25 years. Application forms will be available at the reception of Embassy of the Islamic Republic of Pakistan from **19th July to 28th July 2010** on payment @ **NRs 200/- per form**. Last date for the submission of applications is **3rd August 2010**. The entrance examination will be conducted on **7th August 2010 (Saturday)** at **0830 A.M.** at **Radisson Hotel, Lazimpat, Kathmandu**. List of selected candidates will be displayed at Embassy reception on **20th August 2010**.

*Note:- Candidates to bring writing material and clipboard for the examination.*

**Education Section**
**Embassy of the Islamic Republic of Pakistan, Kathmandu**
**Telephone Numbers: 4373117, 4374024**

# इजरायल प्यालेस्टिनीमाथि अझ कठोर बन्दैछ

*मेल फ्राइकबर्ग*

आई.पी.एस्. /एन्.पी.आई.) – "मेरा बुबा कहाँ हुनुहुन्छ ? उहाँ घर किन 'र्कन् भएको छैन ? मलाई बुबा चाहियो," सात वर्षकी यासमिन गहभरि आँशु लिँदै भन्छिन् । उनी हरेक रात चिच्याउँदै पटकपटक व्युझन्छिन् ।

"मैले उसलाई भेटेपछि मात्र मेरो जीवन आरम्भ भएको थियो । मैले उनीजस्तो मानिस 'रि पाउन सक्दिन," यासमिनकी आमा मोइरा जुलानी आईपीएसलाई बताउँछिन् । इजरायलीका निम्ति यो एउटा तथ्याङ्क हुनसक्ला तर एउटा प्यालेस्टिनी परिवार भताभुङ्ग भइसकेको छ ।

अमेरिकी नागरिक १७ वर्षीय हन्नाह, १५ वर्षीय मिराज र सात वर्षकी यासमिन टुहुरा भएका छन् । टेक्सासकी पूर्व बासिन्दा मोइराले जेरुसेलममा नयाँ जीवन आरम्भ गर्ने उद्देश्यका साथ श्रीमान्सँगै १७ वर्षअघि अमेरिका छाडेकी थिइन् तर उनले आ'ना पति गुमाएकी छन् ।

दुई हप्ताअघि पूर्वी जेरुसेलम बस्ने ४१ वर्षीया जियाद जुलानीमाथि इजरायली विशेष 'ौजले नजिकैबाट टाउको र पेटमा धेरैपटक गोली प्रहार गरे । नराम्रोसँग घाइते भएका उनलाई एम्बुलेन्समा राखेर अस्पतालमा पुऱ्याए पनि त्यहाँ पुग्नासाथ उनको मृत्यु भएको थियो ।

इजरायली सेनाले जियादमाथि सडकमा हिँडिरहेका दुईजना सिपाहीमाथि जानीबुझी आक्रमण गर्न खोजेको आरोप लगाएको थियो । तथापि, प्रत्यक्षदर्शीले जुलानीको कारको अगाडिको शिसामा ढुङ्गाले लागेपछि दुर्घटनावश सडकमा हुत्तिएको बताएका छन् जसका कारण उनको कार प्रदर्शनमा उत्रिएका प्यालिस्टिनी युवा र इजरायली सेनाको बीचमा प्रवेश गरेको थियो ।

त्यसलगत्तै सामान्य घाइते भएका दुई सैनिक र उनीहरूका दुईजना अन्य साथीले जुलानीको कारमाथि गोली चलाएका थिए जसका कारण उनको काँधमा चोट लागेको थियो । घाइते जुलानीले केही परसम्म कार दौडाए र सुनसान ठाउँमा पुगे ।

जेरुसेलम सामाजिक तथा आर्थिक अधिकार केन्द्रले तयार पारेको कागजातका अनुसार जुलानी त्यसपछि कारबाट बाहिर निस्केका थिए । त्यसपछि पनि चारजना विशेष प्रहरीले धेरैपटक गोली प्रहार गरे र उनी भुईंमा ढलेपछि मात्र गोली हान्न छाडेका थिए । त्यसपछि एकजना प्रहरी त्यहाँ आए र नजिकबाटै गम्भीर घाइते उनीमाथि टाउकाको दुवैर्त' गोली बर्साए ।

जुलानीलाई मद्दत गर्न कोसिस गर्ने प्रत्यक्षदर्शीलाई कुटपिट गरिएको थियो जसका कारण एकजनाले टाउकामा २० वटा टाँका लगाउनु परेको थियो । प्रहरी र सेनाले रबरले बेरिएका स्टिल बुलेटको प्रयोग गर्दा पाँचवर्षकी बालिका समेत अन्य व्यक्तिहरू घाइते भएका थिए । इजरायली अधिकारीले जियादले "आतङ्कवादी हमला" गर्ने प्रयत्न गरेको र "आपराधिक रेकर्ड" देखिएको दोषारोपण गरेको छ ।

"जियादलाई इजरायली सेनाले करिब एकमहिना पहिले कुटपिट गरेको थियो किनभने उनले जेरुसेलमस्थित अल-अक्स मस्जिदमा प्रार्थना गर्ने प्रयत्न गरेका थिए । उनलाई करिब दुईघण्टा थुनिएको थियो र त्यसपछि छाडियो, उनीमाथि कुनै आरोप दर्ता गरिएन । सायद तिनैमध्येका कुनै एक सिपाहीले मेरा श्रीमान्माथि प्रतिशोध लिएका थिए," जुलानीले आईपीएसलाई बताइन् ।

"उनी राजनीतिमा संलग्न थिएनन् र उनी कुनै पनि राजनीतिक समूहसँग पनि आवद्ध थिएनन् । उनी विभिन्न मुलुक घुमेका शान्तिपूर्ण प्रकृतिका व्यक्ति थिए । सानोछँदा उनले स्वीट्जरल्याण्डबाट शिक्षा हासिल गरेका थिए र अमेरिकाबाट 'र्मास्युटिकल विषय अध्ययन गरेका थिए । मारिएका दिन उनी अल-अक्स मस्जिद गएका थिए र त्यही दिन परिवारका साथ मृतसागर जाने योजना बनाएका थिए ।"

अधिनस्थ पूर्वी जेरुसेलम क्रोध र प्रतिशोधको अग्नीकुण्ड जस्तै भएको छ किनभने इजरायलको यस पूर्वी भागमा प्यालेस्टिनीका घरहरू व्यापक रूपमा भत्काइएका छन् । यहाँ प्यालेस्टिनी परिवारलाई गैरकानुनी बसोबास गरेको भन्दै सडकमा मिल्काइन्छ । तनाव बढेको अवस्थामा धेरै प्यालेस्टिनीमाथि पश्चिम जेरुसेलममा सवारीसाधन र बुल्डोजर लगाएर हत्या गर्ने र घाइते बनाइने गरिन्छ ।

यी घटनाक्रममा बिना चेतावनी नजिकबाट इजरायली सुरक्षाकर्मीले गोली प्रहार गरी निहत्था प्यालेस्टिनीको ज्यान लिइरहेका छन् । वर्षको प्रारम्भमा सैनिक सेवामा रहेको अवस्थामा गोप्यरूपमा इजरायली प्रतिरक्षा बलका कागजातको छायाप्रति बनाएको आरोपमा पक्राउ गरिएकी इजरायली पत्रकार अनात कामलाई छाड्न सञ्चारमाध्यमले आ'ना कामहरू रोकेका थिए ।

ती दस्तावेजले इजरायली 'ौजले पक्राउ गर्नुको सट्टा कसरी निहत्था प्यालेस्टिनी अधिकारकर्मीमाथि आक्रमण गरिरहेको छ भनेर प्रस्तुत गरेको थियो । उक्त कार्य इजरायली उच्च अदालतले दिएको आदेश विपरीतको कार्य हो । काममाथि देशद्रोह गरेको आरोप लगाइएको छ ।

पश्चिम किनाराका युवा प्यालेस्टिनीको अध्ययन गर्दा उनीहरू इजरायली सेना र प्रहरीले पछाडि र टाउकोमा गोली प्रहार गर्दा भएको आईपीएसको अध्ययनले देखाएको छ । प्रतिरक्षा बलले प्रारम्भमा गैरघातक गोलीगठ्ठा प्रयोग गरेको बताएका थिए र आक्रमणपश्चात् आत्मरक्षाका निम्ति भन्ने गरिएको छ ।

प्रतिरक्षा बलले गरेको अनुसन्धानले सिधा गोली हान्ने गरिएको र केही अवस्थामा सेनाले अत्यधिक बल प्रयोग गरेको देखिएको छ ।

केही हप्ता अघि गाजामा सहायता पुऱ्याउन गएको माभी मारमारामा आक्रमण गर्दा मारिएका नौजना अधिकारकर्मीको शव परीक्षण गर्दा नजिकबाट धेरैपटक गोली प्रहार गरिएको र यो इजरायलको "निश्चित हत्या" नीतिसँग मेल खाने रहेको छ । प्यालेस्टिनी मारिएको सन्दर्भमा इजरायली सुरक्षाबल दण्डहीनताका निम्ति कुख्यात छ ।

"हामीले मेरा श्रीमान्को हत्याको स्वतन्त्र छानविनका निम्ति आग्रह गरिरहेका छौं । इजरायली सेनाले मात्र छानविन गरोस् भन्ने चाहना हाम्रो छैन," जुलानी भन्छिन् । जियादमाथि गोली चलाएयता इजरायली सुरक्षा अधिकारीले हत्या भएको अवस्थामा छायाङ्कन गर्नेलाई पक्राउ गरेको र उनीहरूको रेकर्डिङ उपकरण हत्याएको छ । सडकमा राखिएको क्यामरामा कैद भएका चित्रहरू तुरुन्त राख्न सकिनेछ ।

**अब...**

...अनि यस्ताले सबैलाई समेटेर संविधान बनाउने ? आजको मतदानबाट जो प्रधानमन्त्री भएता पनि त्यसले 'समय' काट्दैन ! ...अर्थात् त्यो पनि बढी से बढी ६ महिने वा सके अझ त्यो भन्दा कम समयका लागि मात्र सिंहदरबारमा बस्ने हुन् । किनभने यहाँ राजनीतिक अस्थिरता उत्पन्न गराएर आफ्नो वर्चश्व बनाइरहेको दक्षिणको 'प्रभु' ले यहाँ सर्वमान्य संविधान त परै जाओस् एउटा स्थिर सरकार पनि देख्न चाहँदैन । विभिन्न दलहरूभित्र, विभिन्न आवरणमा भारतीय विस्तारवाद कायम छ ।...त्यसकारण एकदमै अनुकूल भनिएका माधवलाई समेत भरतीय विस्तारवादले सहेन् भने आज बन्ने प्रधानमन्त्री चाहे रामचन्द्र हुन् वा चाहे प्रचण्ड नै किन नहुन ? तिनीहरू पनि भारतीय विस्तारवादको 'शिकार' हुने पक्का छ । किनभने भारतीय विस्तारवादलाई यहाँ राजनीतिक अस्थिरता चाहिएको छ र त्यसलाई सहयोग गर्न यी अहिलेका दलालहरू आ-आफ्नो स्थानबाट सहयोग गर्न तयारै छन् । भनिएको छ, आउँदो चैत्रसम्ममा संविधान निर्माण गरिनेछ । त्यसका लागि नयाँ कार्यतालिका पनि बनाइएको छ । तर, बीचबीचमा सत्ता परिवर्तनको खेल सुरु गरिदिएर यो मुलुकलाई अनन्तकालसम्म अनिश्चितता र अन्यौलको भूमरीमा जाकिदिएर यहाँका सम्पूर्ण 'चीज'हरूमा कब्जा जमाउन उधत छ-दक्षिणको 'प्रभु' । अब फेरि पनि भन्नु पर्ने हुन्छ कि, यी सबबाट छुटकारा पाउन र मुलुकको स्वाधिनता कायम राख्न अब यिनलाई होइन कि, हिजो अबुझ भएर अज्ञानतापूर्वक समाप्त पारिएको शाहवंशीय राजसंस्थाको पुनर्स्थापना गर्न जरुरी भइसकेकोछ । प्रष्टै छ कि, राजसंस्थाले मुलुकको स्वार्थ हेरेकै कारणले विस्थापन हुनु परेको र अहिलेका यी दलालहरूले भारतीय विस्तारवादको स्वार्थ पूरा गर्छौ भनेर सहीछाप गरेकै कारण सत्तामा स्थापित हुन पाएको- भन्ने कुरा ! भनौँन गत जेठ १४ गते त्यो नालायक संविधानसभाको म्याद थपियो र भनियो कि अब चैत्रसम्ममा नयाँ संविधान बनाउछौं भनेर भनियो । ....तर हेरौं त ! आजसम्म पनि संविधान निर्माणमा होइन कि, देश प्रधानमन्त्रीमा नै अल्झिरहेको !!!....त्यसकारण, अब यिनीहरूबाट केही हुँदैन् भनेर बुझौं । र माथि भनिएझैं राजतन्त्रको पुनर्स्थापना गर्न तिर लागौं । यसैमा नेपाल र नेपालीको कल्याण छ ।

**भ्रष्टचार...**

पहिलो पटक दस्तुरमा पुनरावलोकन गरिएको हो । मालपोत कार्यालयले घर जग्गाको मुल्यांकनमा ६ गुणा वृद्धि गरेपछि महानगरले पनि यसमा अशुल्दै आएको दस्तुरमा दोब्बर वृद्धि गरेको छ ।

जग्गा किन-बेचमा घर बाटो, प्रमाणीत सेवाअन्तर्गत चार किल्ला प्रमाणित, गोरेटो बाटो, मुलबाटो, भित्री सडक आदिको प्रमाणीत दस्तुरमा न्युनतम एक हजार देखि ५ हजारसम्म पुऱ्याएको छ । केही व्यक्तिहरूलाई र केही समुदायलाई खुशी पार्नको लागि नेवारी भाषामा लेखिएका प्रचार सामग्रीलाई भने २५ प्रतिशत छुट दिने निणर्यसमेत गरेको छ । विदेशी वस्तु उत्पादन र सेवायुक्त विषयका विज्ञापन होडिङ्गबोर्डमा प्रचलित दरमा २५ प्रतिशतले वृद्धि गरिएको छ । सुर्तिजन्य र मदिराका विज्ञापनमा भने महानगरले प्रतिवन्ध लगाएको छ । महानगरपालिकाको दस्तुर वृद्धिले गर्दा विदेशमा पढ्न जाने विद्यार्थीहरूलाई ठूलो मार पर्ने प्रायः निश्चित देखिएको छ । प्रत्येक दुतावासहरूबाट माग गरिने सिफारिस, घरजग्गा भए नभएको कागज बैंक ब्यालेन्सलगायत चल-अचल सम्पत्तिको सिफारिस महानगरपालिकाले नै दिने हुनाले अभिभावक र विद्यार्थीहरूको हितलाई भन्दा महानगरपालिकाले राजश्व वृद्धिलाई ध्यानमा राखेर नगरवासीलाई ढाड सेक्ने हिसाबले महागनरले आफूले प्रदान गर्ने सेवाहरूमा दस्तुर वृद्धि गरेको छ । समयमै कुनै सेवा दिन नसक्ने महागनरपालिकाले दस्तुर मात्र वृद्धि गर्नु कनै हालतमा पनि नगरवासीहरूको हितमा छैन । जनताका प्रतिनिधि नभएको अवस्थामा केही दलको मात्र सहभागितामा महानगर सञ्चालन गरिएको अवस्थामा यसरी आफूले प्रदान गर्ने सेवाहरूमा दस्तुर वृद्धि गर्ने कार्यले नगरवासीहरूलाई आक्रोशित बनाएको छ । केही दलको भ्रष्टाचारको अखडा बनेको महागरले अविलम्व आफूले बढाएको दस्तुर वृद्धिको निणर्य फिर्ता लिन नगरवासीले आग्रह गरेको सम्बद्ध सुत्रको दावी रहेको छ ।

# सम्पादनको अन्तिम चरणमा निष्ठुरी देवता

नेपाली चलचित्रहरू बन्ने क्रम दिन दुई गुणा रात चौगुणाले बृद्धि भइरहेको बेला उपत्याका होस् या मोफसलबाट होस् नेपाली चलचित्रहरू बनि रहेका छन् त्यसैको अर्को उदाहरण हो दोभान फिल्मस् प्रा.लि.को दोस्रो प्रस्तुती निष्ठुरी देवता । यस चलचित्र आफ्नो छायाँकनको कार्य सकि अहिले सम्पादको अन्तिम चरणमा पुगेको छ । नेपाली हिन्दू नारीको विषेश चाड तिजको अवसर पारे प्रर्दशनमा ल्याउन तयारीका साथ सम्पादन कार्य धमाधम भइरहेको कुरा निर्माता नरेश भट्टले बताएका छन् । यस चलचित्रको निर्देशन युवा निर्देशक नवल नेपालले गरेका छन् । छायाँकार मेहन्द्र थापा, द्वन्द्र निर्देशक प्रदिप खड्का, कार्यकारी निर्माता अक्कल सिंह, नृत्य निर्देशक मनोज हमाल रहेका छन् भने यस चलचित्रको कथा भने चलचित्र पत्रकारसंघका सदस्य एवं चलचित्र पत्रकार लक्ष्मण सुवेदीको रहेको छ । समाजमा भए गरेका कुराहरूलाई सहज ढङ्गले प्रस्तुत गर्ने जमर्को यस चलचित्र गरेको कुरा पनि निर्माता नरेश भट्टले बताएका छन् । यस चलचित्रमा धिरेन शाक्य, नरेश भट्ट, निशान्त शाही, यादव चौधरी, सोनिया खड्का, निराजन विष्ट, तेजा ऐय, शैलेस मैनाली, विजेन्द्र सिंह, पुष्कर भट्ट, यशोदा सेठीलगायतका कलाकारहरूको अभिनय हेर्न पाइने भएको छ । सम्पादन रामेश्वर जिरेलको रहेको छ । नेपाली चलचित्र क्षेत्रमा केही गरु भन्ने जोशका साथ यो चलचित्र बनाउन लागेको भन्छन् निर्माता नरेश भट्ट । नेपाली चलचित्र क्षेत्रमा केही नबुझी लागेकाले पनि यो क्षेत्र बदनाम भएको उनी स्वीकार छन् । अब आउने नयाँ कलाकार, निर्माताहरूलाई आफूले केही बुझेर मात्र यो क्षेत्रमा आउन पनि सल्लाह दिन्छन् । नेपाली चलचित्र क्षेत्रमा नै आफू अब समर्पित हुने उनको दृढ विश्वास रहेको छ । नरेश भट्ट एक सफल निर्माता भएर काम गर्ने जोशका साथ अघि बढि रहेका छन् ।



# हार्दिक समवेदना

**जन्म**
१९८४/०८/०४



**स्वर्गारोहण**
२०६७/०४/०१

**हाम्रा आत्मीय मित्रहरू मकरबहादुर कार्की, लक्ष्मणसिंह कार्की, राजन कार्की (सम्पादक गोरखा एक्सप्रेस साप्ताहिक), कृष्णकुमार कार्की तथा मेनुका कार्कीका ममतामयी माता श्रीमती जमुना कार्कीको साउन १ गते असामयिक निधन भएबाट हामी दुःखी भएका छौं । दुःखको यो घडीमा दिवंगत आत्माको चिरशान्तिका लागि कामना गर्दै शोकसन्तप्त परिवारजनमा भावपूर्ण समवेदना प्रकट गर्दछौं ।**

## अभियान साप्ताहिक परिवार

## आजीवन...

निर्देशिका अनुसार पूर्वगृहमन्त्रीहरूले पछुवा गाडीसहतिको अंगरक्षक तिन वर्षका लागि पाउनेछन् भने पूर्व उपप्रधानमन्त्रीले अंगरक्षक मात्र पाउनेछन् । त्यतीमात्र नभएर पूर्व गृहमन्त्रीले सशस्त्र प्रहरी बल र नेपाल प्रहरीबाट आवश्यकताअनुसार सुरक्षाकर्मी लिन पाउने व्यवस्था गरिएको छ । पूर्व उप्रधानमन्त्रीले नेपालप्रहरीबाट एक जना अंगरक्षक मात्र पाउने छन् । स्मरणरहोस् अंरक्षकमात्र पाउने व्यक्तिले गाडी सुविधा पाउने छैनन् ।

सोही निर्देशिकाअनुसार अवकाश पाइसकेपछि पनि प्रधानन्यायाधिश, सभामुख र मुख्य सचिवले पनि अंगरक्षक पाउने छन् । यसअघिका केही व्यक्तिहरूले प्रभावका आधारमा केहीले सुविधा लिएका छन् । पूर्वगृह सचिव र पूर्व रक्षा सचिवहरूले समेत एक वर्षका लागि अंगरक्षक पाउने व्यवस्था गरिए पनि अन्य मन्त्रालयका सचिवहरूलाई त्यो व्यवस्था छैन । तीनवटै सुरक्षा निकायका प्रमुखहरूले एक अधिकृतको कमाण्डमा सात जनाको टोली सुविधा पाउने व्यवस्थालाई निर्देशिकाले वैधता प्रधान गरेको छ। यसअघि अवकास प्राप्त सुरक्षा निकायका प्रमुखहरूले आफूखुशी दशभन्दा बढी सुरक्षाकर्मी घरमा राखी उनीहरूलाई घरायसी काममा लगाउँदै आएका थिए ।

रावलले ल्याएको सुरक्षा व्यवस्थापन निर्देशिका, २०६७ लागू भएपछि सत्ता र प्रभावको आडमा बेलगाम अङ्गरक्षक र गाडी सुधिवा लिने कार्यमा कमी आउने गृह सूत्रको दाबी रहेको छ। निर्देशिका मन्त्रिपरिषद्बाट पारित भएपनि हाललाई गोप्य राखी कार्यान्वयन गर्न गृहमन्त्रालयले मातहतका कार्यालयहरूलाई पत्राचार गरेको दाबी गृहसूत्रको रहेको छ ।

## प्रधानमन्त्री...

फिर्ता लिन बाध्य भए ।

मुलुकका तीन ठूला दलको अहमता र अहंकारको कारण मुलुक अहिले अनिर्णयको बन्दी बनेको छ। माकुने सरकारले राजीनामा दिएपछि संविधानको धारा ३८ को उपधारा (१) अनुसार सहमतिको सरकार बनाउन राष्ट्रपतिले दिएको १२ दिनको समयमा पनि सहमतीय सरकार बनाउन तीन ठूला दल असफल भए। त्यसपछि धारा ३८ को (२) अनुसार बहुमतीय सरकार बनाउने खेलमा दलहरू लागे पनि त्यसमा समेत उनीहरू असफल सावित हुँदै गए पनि अहिलेसम्म उनीहरूमा कुनै दम्भको कमी भएको छैन । संविधानसभामा उपस्थित भएका पच्चीसै दलहरूको सहमतिमा सहमतीय सरकार निर्माण गर्नुको सट्टा अन्य बाइस दललाई बेवास्ता गरेर तीन ठूला दलले मात्र मुलुकलाई आफ्नो पेवासम्झेका हुनाले अन्य बाइस दलले तीन ठूला दललाई समर्थन गरेनन् । साना दलहरूको सहयोग र समर्थनविना आज पनि प्रधानमनत्री चुनिनसक्ने अवस्था छैन । दलीय स्वार्थको पछाडि दौडेर तीन ठूला दलले अन्य साना दलहरूको मानमर्दन गर्न थालेका र तीनदलीय अधिनायकवादी प्रवृत्ति लाद्न खोजेका हुनाले साना दलले तीन ठूला दललाई समर्थन जनाउन सकेका छैनन् । दलीय समीकरणअनुसार कित तीनै ठूला दल एकै ठाउँमा आउनुपर्दछ, प्राय: त्यो असम्भवजस्तै छ कि माओवादी+एमाले मिल्नु आवश्यक छ जसमा सामान्य बहुमत पुग्छ, नेकपा एमालेले बहुमतीय सरकारमा सहभागिता नजनाउने निर्णय गरेको हुनाले त्यो पनि सम्भव छैन। अर्को समीकरण माओवादी र नेपाली कांग्रेस मिल्नुपर्दछ जसमा २३७+११४ गर्दा जम्मा ३५१ को बहुमत पुग्छ, त्यो पनि सम्भव नदेखिएको अवस्थामा अब तिनै ठूला दललाई अन्य साना दलहरूको समर्थन अनिवार्य भए पनि एमाले प्रधानमन्त्रीको दौडबाट पछाडि हटिसकेको अवस्थामा नेपाली कांग्रेस, नेकपा एमाले र मधेशवादी दललगायत अन्य दलहरू मिलेको खण्डमा एउटा समीकरण बन्न सक्छ। अर्को भनेको मधेशवादी दलले माओवदीलाई समर्थन दिएको खण्डमा पनि अर्को समीकरण बनेर प्रधानमन्त्री चुनिन सक्ने अवस्था भए पनि अहिलेकै अवस्थालाई हेर्दा आज पनि प्रधानमन्त्रीको लागि भ्यागुताको धार्नी पुग्नसक्ने अवस्था छैन। नेकपा एमालेले बहुमतीय सरकार निर्माणका लागि कुनै पनि पक्षलाई नसघाउने निर्णय गरेको खण्डमा प्रधानमन्त्री चुनिनको लागि माओवादीलाई मधेशवादीले साथ नदिएको खण्डमा आज पनि कुनै हालतमा प्रधानमन्त्री चुनिनसक्ने अवस्था छैन ।

**दलहरूको हालको दलीय अवस्था यस्तो छ :** एकीकृत माओवादी २३७, नेपाली कांग्रेस ११४, नेपा एमाले (सभामुखबाहेक) १०८, फोरम लोकतान्त्रिक २८, मधेशी जनअधिकार फोरम २५, तमलोपा २०, सद्भावना पार्टी ९, नेकपा माले ९, राप्रपा ८, नेकपा संयुक्त ५, राप्रपा नेपाल ४, राष्ट्रिय जनमोर्चा ४, राष्ट्रिय जनशक्ति पार्टी ३, सद्भावना (आनन्दीदेवी) ३, जनमुक्ति पार्टी २, नेकपा एकीकृत २, नेपाली जनता दल २, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च २, समाजवादी प्रजातान्त्रिक जनता पार्टी १, दलित जनजाति पार्टी १, नेपाल परिवार दल १, नेपा: राष्ट्रिय पार्टी १, लोकतान्त्रिक समाजवादी दल १, चुरे भावर राष्ट्रिय एकता पार्टी १, स्वतन्त्र २ सभामुख (निर्णायक मतमात्र) १ ।

## दलहरु...

नेकपा माओवादी र नेकपा एमालेभित्रको विवाद सडकमै छताछुल्ल भएको छ ।

एकीकृत नेकपा माओवादीको बैठकले अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सहमतिको सरकार बन्न नसकेको खण्डमा नेकपा एमालेका अध्यक्ष झलनाथ खनाललाई सहयोग गर्ने अघिल्लो दिनको निणर्य उल्टाउँदै पार्टी अध्यक्ष दाहाललाई नै प्रधानमन्त्रीको उम्मेदवार बनाउने निणर्य गर्न बाध्य भयो । एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा.बाबुराम भट्टराईको दवावमा पुष्पकमल दाहाल प्रधानमन्त्रीको उम्मेदवार भएपनि उनले कुनै व्यक्तिको समर्थनमा आफ्नो उम्मेदवारी फिर्ता लिन नपाउने शर्त अगाडि सारिएको थियो । करिब एकवर्षदेखि नै सहमतिको सरकार निर्माण गर्नु पर्ने रट रेटिरहेको माओवादीले बहुमतबाट सरकारको नेतृत्व खोज्नु सत्ता लिप्साको अर्को राम्रो नमूना हो ।

नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री बन्न यति लालायित थिए कि, आफ्नै पार्टीका वरिष्ठ नेताको नेतृत्वमा रहेको सरकार हटाएर आफू प्रधानमन्त्री बन्ने सपना देखेका खनाललाई माओवादीको पुरा आशा भरोसा भएपनि अन्तयमा उनैको पार्टीले सहमतीय सरकरको मात्र नेतृत्व गर्ने जिम्मेवारी दिएर उम्मेदवार बनाएपछि खनाल पक्षीय व्यक्तिहरू पार्टी नेतृत्वभन्दा माधवकुमार नेपाल र केपी ओलीप्रति रुष्ट बनेका छन् । नेपाली कांग्रेसले माधवकुमार नेपाल नेतृत्वको सरकारलाई पूर्ण समर्थन दिएको थियो । तर नेपालले आफ्नै पार्टीको सहयोग र समर्थन नपाएको दु:खेसो बेला बेलामा पोल्ने गरेको थिए । खनालको प्रस्तावक नेपाल भएका थिए । खनाल पक्षले ४०१ सभाषद्हरूको हस्ताक्षर प्रधानमन्त्रीको चुनाव (साउन ५ गते) हुनुअघि पार्टीलाई बुझाउन नसकेको र अन्य साना दलहरूले समेत खनाललाई समर्थन जनाउने संकेत नपाएपछि प्रस्तावक नेपाले प्रधानमन्त्रीका उम्मेदवार झलनाथ खनालको उम्मेदवारी नै फिर्ता लिएपछि खनाल स्वत: प्रधानमन्त्रीको दौडबाट अलग भएका छन् । अब आज हुने प्रधानमन्त्रीको चुनावमा एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेसका संसदीय दलका नेता रामचन्द्र पौडेलबीच प्रतिस्पर्धा हुने भएपनि खासगरेर मधेशवादी दलहरू र अन्य साना दलहरूको समर्थन दुवै उम्मेदवारहरूलाई प्राप्त नहुने भएकाले आजको चुनावपछि दलहरूमा राजनीतिक ध्रुवीकरण हुने सम्भावना बढेको छ ।

## पहुँच...

र सभाषद्हरूले समेत उपचार खर्चको नाममा रकम लिएका छन् । शान्ति तथा पुन: निर्माणमन्त्री रकम चेम्जोङले २ लाख बुझेका छन् भने सभाषदहरू कमला शर्मा, शान्ति बस्नेत, विश्वनाथप्रसाद अग्रवाल, ताराकुमारी घर्ती, सत्या पहाडीलगायतले खर्च बुझेका छन्, त्यसैगरी पूर्वमन्त्री पद्मसुन्दर लावती, सुरेन्द्रप्रसाद चौधरी, मार्सलजुलुम शाक्य, उर्मिला अर्यालगायतले सरकारी कोषबाट पटक पटक उपचार खर्च लिएका छन् । मन्त्रिपरिषदको निर्णयअनुसार अर्थमन्त्रालयबाट रकम उपलब्ध भएपछि स्वास्थ्य मन्त्रालयले रकम प्रदान गर्ने गरेको छ । नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह के.सी.ले दुई पटक गरेर पाँच लाख रुपैयाँ लिएका छन् भने पूर्वमन्त्री खेमराज भट्ट मयालुले दुई पटक थरी साढे पाँच लाख रुपैयाँ उपचार खर्च भनेर लिएका छन् ।

यसरी राजनैतिक पहुँच भएका व्यक्तिहरूले राज्यकोषबाट ठूलो रकम हात पर्ने गरेपनि सर्वसाधारण जनताले भने एक पैसासम्म पाउन सकेका छैनन् । मुटु, मृगौला क्यान्सार भएका विभिन्न व्यक्तिहरूले दिएका हजारौं निवेदन त्यसै थन्किएर बसेका छन् । अर्थमन्त्रलयले सर्वसाधारण जनताका लागि उपचार खर्च उपलब्ध गराउन नसिकने निर्णय गरेपछि अब राज्यकोषको रकममा पनि पहुँचवाला, राजनैतिक दलका नेता र कार्यकताहरूबाट मात्र लुट हुने भएको छ। धन्य हो अर्थ मन्त्रलयको निर्णय, सर्वसाधारण जनता उसको नजरमा उपचार पाउन योग्य भएनन्, उपचार गर्न सक्ने व्यक्तिहरू नै योग्न ठहरीए । यही हो, नागरिक समानता भनेको ।

## को हुन्...

प्रतिबद्धता व्यक्त गरेपछि नेपाली राजनीतिमा सिंहका बारेमा चासो उब्जिएको हो। डा.बाबुराम भट्टराईलाई निजकै निवासमा भेटेर प्रधानमन्त्रीको उम्मेदवार बन्न सिंहले आग्रह गरेपछि एकीकृत नेकपा माओवादी पार्टीभित्र हल्लीखल्ली मच्चीएको थियो । त्यसैको फलस्वरुप सबै विकल्प खुल्ला राखेको माओवादीले आफ्नै पार्टी अध्यक्षलाई प्रधानमन्त्रीको उम्मेदवार खडा गऱ्यो ।

भारतमा लामो समयसम्म बसेका सिंहले २०६२/०६३ मा तत्कालीन सात दल र माओवादी बीच भारतीय सहयोग र समर्थनमा उनीहरूलाई नै साक्षी राखेर १२ बूँदे सहमति गराउन सहयोग गरेको चर्चा त्यसैबेला चलेको थियो। भारतमा रहँदा भारतीय गुप्तचर संस्था 'र' को नजिक भएर नेपालको राजनीति हेर्ने गरेको आरोप सिंहमाथि लागेपनि त्यसको प्रमाणीत पुष्टी नभए पनि हालै उनले देखाएको व्यहवारबाट निज सिंह 'र' का एजेण्डा नै भएको चर्चाले राजनैतिक वृत्तमा सनसनी फैलिएको छ ।

## हिस्स...

कर्मचारीको बसोबासलाई थप १८ करोड ४८ लाख ९२ हजार १७ रुपैयाँ छुट्याएको थियो । लगातार घाटामा गएको संस्थाले एकवर्ष नाफा कमाएर बनोस खान खोजेको यो नै पहिलो घटना हो । विदेशमा कच्चा तेलको मूल्य घट्दासमेत निगमले तेलको भाउ नघटाएर उपभोक्ताको ढाड सेकाउने गरेको तर, एक वर्षमा तिनै उपभोक्ताले तिरेको रकममा फाइदा भयो भनेर बनोस खान खोज्नु सिधै उपभोक्ताहरूको शोषण गर्नु हो । केही दिन पहिला पनि निगम सञ्चालक समितिले सरकारसँग झण्डै ८० करोड रुपैयाँ लिएको थियो । सरकारले रुपैयाँ नदिए पेट्रोलियम पदार्थको आपूर्ति गर्न नसकिने बताएँदै आएको निगमले अहिले यति ठूलो रकम बनोस र बसोबासका लागि वितरण गर्नु खोज्नु पक्कै पनि न्याय संगत छैन ।

बनोस खाने निर्णय गरेको वर्ष निगमले ३ अर्ब ३१ करोड नाफा भएको तथ्यांक देखाएको छ । तर मुनाफा देखाउँदै बनोस खाने दाउ गरेकै वर्ष उसको कुल सञ्चित घाटा ७ अर्ब ९२ करोड रहेको आर्थिक वर्ष २०६५/०६६ को वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यसै वर्ष निगमको कुल सम्पत्ति पनि ७ अर्ब ६३ करोड ऋणात्मक रहेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ प्रतिब्यारेल ४० अमेरिकी डलर हुँदा पनि स्थानीय बजारमा पेट्रोलियम पदार्थको मुल्य नघटाएर निगमा त्यति नाफा कमाएको हो । वार्षिक प्रतिवेलनमा उल्लेख भएअनुसार त्यस अघिको सात वर्षसम्म पनि निगम घाटामा नै थियो। अहिले आएर १ अर्ब रुपैयाँ घाटा नाघिसकेको उसैको तथ्यांकले देखाएको बेला एक वर्षमा मुनाफा भएको रकम बनोस खान खोज्नु कहाँको न्योचित सिद्धान्त हो । प्रतिवेदनअनुसार पछिल्लो सात वर्षमा निगमले २२ अर्वभन्दा बढी नोक्सानी बेहोरेको छ । लगातार घाटामा गएका कारण निगमले भारतसँग तेल किन्नका लागि कर्मचारी सञ्चयकोष, वाणिज्य बैंकहरू र सरकारसँग ऋण लिनुपरेको छ। हालसम्म विभिन्न संघ-संस्था र वित्तिय संस्थाहरूलाई ११ अर्ब १९ करोड ७० लाख रुपैयाँ तिर्न बाँकी रहेको अवस्थामा बोनस खान खोज्नु न्यायोचित हो र ? यसैबीच बोनस खाने निर्णयको व्यापक विरोध भएपछि निगमले हाललाई उक्त निर्णय स्थगित गरेको छ ।

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचेत बनौं बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

SINCE 1890
San Miguel® BEER

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर